# प्रदेश सभा

**गण्डकी प्रदेश**

**दोस्रो अधिवेशन**

**(सत्ताइसौं बैठक)**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**मिति : २०७५/०३/२४ गते, दिनको २:०० बजे**

प्रदेश सभाको दोश्रो अधिवेशनको आजको बैठक माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको २ बजेर ४७ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु आजको वैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु अस्वस्थताको कारण लामो समय सभामा उपस्थित हुन असमर्थ रहेको अवस्थामा मेरो सुस्वास्थ्यका लागि सहयोग तथा शुभेक्षा प्रदान गर्नु हुने सभाका माननीय सदस्यहरु गण्डकी प्रदेशका सरकार कर्मचारीहरु पत्रकारहरु लगायत यस प्रदेशका सवै नागरिक तथा सुभेक्षुकहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद छ ।

## माननीय सभामुख

माननीय सदस्यहरु, विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम, म माननीय मायानाथ अधिकारीलाई वोल्ने समय दिन्छु । समय ५ मिनेट ।

## माननीय मायानाथ अधिकारी

माननीय सभामुख महोदय, प्रदेश सभाको वैठकले प्रदेशको नामाकरण गण्डकी प्रदेशको राजधानी पोखरा नामाकरण गरिसकेको छ । यस सन्दर्भमा हाम्रो पार्टी नेपाल नेपाल कम्यूनिष्ट पाटी हार्दिक स्वागत गर्दछ । यस निर्णयमा सहयोग समर्थन गर्ने सवै प्रति हार्दिक आभार व्यक्त गर्दछ । हाम्रो दल ने.क.पा.लाई ने. क.पा. ले लामो छलफल पछि सर्वसमत  निर्णय साझा पहिचान को नाम गण्डकी निर्णय गरेको हो । यो निर्णय संगै ने.का. र रा.ज.मो.को निर्णय वाट हामी सवै मिलेर दुई तिहाईले यो मत पास गरि सक्या छौ । यो निर्णय पछि देशव्यापी तरङ्ग पैदा भएको छ । धेरै ठाउका धेरै जनता उत्साहित छन । केही संघ संस्था र व्यक्तीले हाम्रो दलको सरकारका मंत्रीका नाम तोकेर अनेक आरोप प्रत्यारोप लगाएको पनि पाइयो । सो धारणा प्रति हाम्रो गंभीर ध्यान आर्कषण भएको छ । र त्यस निर्णय त्यस  धारणा प्रति हाम्रो नेपाल कम्यूनिष्ट पार्टी गंभीर असहमती व्यक्त गर्दछ । दुख पनि व्यक्त गर्दछ । यो भनाई आग्रह पूर्ण छ । अहिले तमुवान मगरातको नाममा संचालित आन्दोलन प्रति हाम्रो समर्थन सहभागीता नरहेको स्पष्ट पार्दै त्यसमा हाम्रो नेता कार्यकर्ता सहभाही  हुने छैनन । गण्डकी सवैको साझा पहिचान हो । यसमा नै सवैले अपनत्व खोज्नु पर्छ । यो निर्णय नै सवैको सहमतीको निर्णय ठान्नमा म सवै समुदाय लाई हार्दिक अपील गर्दछु । विभिन्न समुदाय खासगरि तमु मगर लगायतका आदीवासी जनजातीको भाषा धर्म संस्कृतीको संरक्षण र सवर्धन र विकासमा हाम्रो दल प्रतिवद्ध रहेको पनि अनुरोध गर्दछु ।  साथै यही आषाढ २२ गते गण्डकी प्रदेश अन्तरगत मुस्ताङ्ग मा कालीगण्डकी कोरीडोरमा कार्यरत मजदुरहरु चढेको टिप्पर पल्टंदा १९ जना मजदुरहरु घटना स्थलमा र १ जना अस्पताल लादै गर्दा निधन भएको जानकारी आएको छ । निधन भएको सवै मजदूरहरु प्रति हाम्रो पार्टी नेपाल कम्यूनिष्ट पार्टी हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ र घाइतेको उपचार र मृतकलाई राहतको व्यवस्थाको निम्ती प्रदेश सरकार समक्ष ध्यान आकर्षण गर्न चाहन्छ ।

धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई समय दिन्छु  समय ५ मिनेट ।

## माननीय कृष्ण चन्द्र नेपाली

सभामुख महोदय, सर्वप्रथम यो स्वास्थ्य लाभ गरेर यहां फेरी पुन कार्यभार सम्हाल्न आउनु भएका सभामुख नेत्रनाथ अधिकारी ज्यूलाई सभामुख  महोदय मार्फत वहांलाई म वधाई दिन चाहान्छु । सभामुख महोदय हामीले एउटा ऐतिहासिक निर्णय यो प्रदेश सभाले दुइटा ऐतिहासिक निर्णय लिएको सन्दर्भमा एउटा राजधानीको नामाकरण प्रदेशको नामाकरण यस सर्न्दभमा निर्णयमा पुग्ने सिङ्गो प्रदेश सभालाई हार्दिक सभामुख महोदय मार्फत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु र मेरो पार्टीले शुरु देखि नै यो एउटा कमन वर्ल्ड सवैलाइ समेटने किसिमको नामाकरण हुनुपर्छ भनेर गण्डकी प्रदेशको नामाकरण निर्णय गरेको कुरो यहां लाई म अवगत गराउन चाहान्छु । साथसाथै म यसै सभा मार्फत  सभामुख महोदय मार्फत ति सम्पूर्ण साथीहरु जस्ले अहिले हिजो आआफनो किसिमको नामाकरण को दावी गर्नु भएको थियो र अहिले आन्दोलनको मैदानमा हुनुहुन्छ भनेपनि म अपिल गर्न चाहान्छु । प्रदेशले जुन निकास निकालेको छ । यसैमा हामी सवैको भविष्य छ र सम्पूर्ण साथीहरुलाई आफ्नो आन्दोलन फिर्ता लिएर सहयोग पू-याउन हुन अनुरोध गर्न चाहान्छु सभामुख महोदय अस्ती भर्खरै मुस्ताङ्गको स्याङ्गवोचेमा टिप्पर पल्टेर दुर्घटना भएको छ । त्यो दुर्घटनामा मृत्यू हुनु हुने १९ जना अण्दस्पोर्ट र १ जना अस्पतालमा मृतक सम्पूर्णको चिरशान्तिको कामना गर्दै मृतकका परिवारहरुलाई उचित क्षतिपूर्ति यथा संभव चाडैं दियोस भन्ने अनुरोध गर्न चाहान्छु । साथसाथै जो घाइते हुनुहुन्छ वहांको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहान्छु । सभामुख महोदय मा दुईटा कुरा अरु राख्न चाहान्छु यो प्रदेशको मुटु यो प्रदेशको भोलीको विकासको लागि केन्द्रविन्दु र २२ साल सम्म हामीले २० लाख पर्यटन ल्याउने भनेर जुन उद्घोष गरेका छौं । त्यसलाई टेवा पु-याउने  मुख्य फेवाताल जुन फेवातालको अतिक्रमणको विषयलाइ  लिएर सर्वोच्च अदालतमा मुद्वा परेको अवस्था छ त्यो मुद्वा लाई सहज पुगोस भनेर जुन एउटा समिति वनेको छ ठिक क्लयामको रुपमा समिति वनेको छ सभामुख महोदय त्यहां प्रश्न चिन्ह के छ भने जुन व्यक्तीको त्यहां

आफनो रिजोर  छ । आफनो रिजोर  जहां वाटर फन्ट रिजोरका वहाली सुनिल शाक्यको संयोजकत्वमा वा वहालाइ समेत इनक्ल्युट गरेर जुन एउटा कमिति वनेको छ । म अनुरोध गर्न चाहान्छु ।  सभामुख महोदय जो आफै विवादमा परेको छ । उस्ले कसरी आफनो मापदण्ड निर्धारित गर्न सक्दछ । म यस सभामुख मार्फत सम्मानित प्रदेश सभामा राख्दै केन्द्र सरकारमा अनुरोध गर्न चाहान्छु । त्यो अभिलेख चेन्ज गरियोस त्यस्तै यो पोखराको स्वरुपलाई पोखराको शहरलाई भोलीको दिनमा टुरिष्टको आकर्षण गर्नको लागि कसरी लैजाने भन्ने एउटा सन्दर्भमा सवैले सोचेको अवस्था  महानगरपालिका वाट एउटा समिति वनेको अवस्था छ सभामुख महोदय । त्यो समिति वन्यो,  त्यो आफैमा ठिक छ तर मैले भन्नु पर्छ । व्यक्तिगत  रुपमा मेरो कसैसग केहि छैन । तर त्यो समितिको संयोजकमा पनि मलाई थाहा छ १० तलाको घरको मालिक डा. भरत राज पाहाडीजीलाई संयोजक वनाईएको अवस्था छ र म प्रश्न गर्न चाहान्छु भोलीको दिनमा यो शहरलाइ राम्रो वनाउने सर्न्दभमा त्यस्ता विज्ञहरु वाहिर पनि थिए तर किन यो गरियो सभामुख महोदय । यसमा मेरो प्रश्न छ ,मेरो मात्रै हैन आज  सम्पूर्ण  सार्वजनिक मीडियामा वाहिर के छ भन्दा खेरी यि दुइटा कुराले गर्दा अतिक्रमण फेवाताल र अतिक्रमण समाधान गर्नेको सट्टा वल्झाउने किसीमको र यो शहरलाइ व्यवस्थीत गर्नुको सट्टा यस किसीमवाट विवादास्पद व्यक्तिहरु राखिएको सन्दर्भमा  के भएको हो त्यस्को जानकारी पाउं भन्ने अनुरोध गर्दै म विदा हुन चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री आशा कोईरालालाई समय दिन्छु ।

## माननीय आशा कोइराला

माननीय सभामुख महोदय, गत केहि समय देखि मुलुकमा घटेका प्राकृतिक प्रकोपका घटनाहरु वाट कैयौंको जिवन जानुका साथै सयौं घाइते भएको अवस्था छ । यतिवेला दुर्घटना र प्राकृतिक विपत्तीमा जिवन गुमाउने तनहुंको शुक्ला गण्डकी व्यास भिमाद म्याग्दे साथै मुस्ताङ्ग जिल्लाका सम्पूर्ण दिवङ्गत नागरिकहरु प्रति हार्दिक श्रद्धाजली अर्पण गर्न चाहान्छु । साथै प्राकृतिक प्रकोप वाट घाइते भएकाहरुलाई दिइने सेवा सुविधा राहत सरल दङ्गले उपलव्ध गराउनका लागि पनि म सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहान्छु । प्राकृतिक प्रकोप वाट गंभिर घाइते भएका र मृतक भएकाहरुको यर्थार्थ घटना विवरण हाम्रा प्रदेशका आन्तरिक ममिला तथा कानून मंत्रीले यो सम्मानित सदनलाई जानकारी गराई सक्नु भएको छ । तर विवरण त हामी संग आयो वहाहरुको उपचारको र उचित प्रवन्ध वाट सरल र सहज प्रकृयावाट भएको छैन । उदाहरणको लागि तनहुँ जिल्लाका रुख ढलेर एकै परिवारका तीन दिदि वहिनीहरु प्रभावित भए । १ जनाको घटना स्थलमा मृत्यू भयो र २ जना १ जना साह्रै हातखुट्टा भाचिएर मनिपाल शिक्षण अस्पतालको सघन उपचार केन्द्रमा उपचार भई रहेको छ भने १ जना जनरल वेदमा उपचार गराई रहनु भएको छ । तर वहांहरुको आर्थिक अवस्थाको कारण आफैले उपचार गर्न सक्ने सहज परिस्थिती छैन । त्यसकारण प्रदेश सरकारलाई सहज सरल प्रकृया वाट मनिपाल हस्पीटलमा उपचार गराई रहनु भएका घाइतेहरुको निशुल्क उपचारको प्रवन्ध गराउनको लागी पनि सभामुख ज्यू मार्फत म ध्यान आकर्षण गर्न चाहान्छु, प्रदेश सरकारको । सभामुख महोदय, तनहुं जिल्लाको शुक्लागण्डकी म्याग्दे लगायतका विभिन्न स्थानहरुमा २०२५।२६ साल देखि वसोवास गर्दै आएका २०३४ साल तिरैको नाती भई जग्गा धनि कायम भएका तर हाल सम्म पनि प्रमाण पूर्जा नपाएका अव्यवस्थित वसोवासीहरु रहेका छन । कैयौं पटक जग्गाहरु किनवेच भए थुप्रै परिवर्तन भई सक्यो तर जग्गाधनिले आफनो प्रमाण पूर्जा हरु प्राप्त गर्न सकेका छैनन् र यस्ले राज्यले

राजस्व प्राप्त गर्न सकेका छैन सम्वन्धित जग्गाधनिले आफनो काम गर्नका लागि जग्गाको उपयोग गन पनि पाएका छैनन । यस्तो र यि समस्याको समाधानको लागी हामीले पटक पटक नेपाल सरकार वाट कोशिश गरयौ । धेरै चोटी आयोग वन्यो र अन्तिम प्रकृयासम्म आयोगले पू-यायो । तर जव जव पूर्जा वितरण गर्ने वेला हुन्छ समय सकिएको कारण अथवा विभिन्न राजनिति परिस्थिति फेरवदल भएको कारण हामीले त्यो काम सम्पन्न गर्न सकेका छैनौं त्यसैले त्यो अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने कुरा  प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । यो हाम्रो नेपालको संविधानले हामीलाई अधिकार दिएको छ । त्यसैले यस सम्वन्धमा कानून निर्माण गर्ने तर्फ प्रदेश सरकारको ध्यान जाओस र सरल र सहज प्रकृया वाट यो समस्याको समाधान गर्ने वातावरण वनाउनको लागि सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यान आकर्षण  गर्न चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु विशेष समयमा आफनो भनाई राखिसक्नु भए पछि माइक वन्द गर्न अनुरोध गर्दछु ।

अव म माननीय श्री कृष्ण वहादुर थापालाई समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री कृष्ण वहादुर थापा

माननीय सभामुख महोदय, मिति २०७५।३।२२ मा मुस्ताङ्गको स्याङ्गवोचे गाउंपालिकामा टिप्पर दुर्घटनामा अण्दस्पोर्ट १९ जना र त्यसपछि हस्पिटलमा १ जना गरि २० जना मजदुरहरुको दुखत निधन प्रति गहिरो दुख व्यक्त गर्दछु । घाइते मजदुरहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै सभामुख मार्फत मृतकलाई क्षतिपूर्ति र घाइतेहरुको यथोचित राम्रो उपचारको व्यवस्था गरि दिन हुन संवन्धित निकायलाइ सभामुख मार्फत हार्दिक

अनुरोध गर्न चाहान्छु । सभामुख महोदय , हाम्रो संविधानको धारा ६१ भाग ६ मा राष्ट्पति नेपालको राष्ट्राध्यक्ष हुने र राष्ट्पति नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने र संविधानको पालना र रसंरक्षणगर्ने र हाम्रो सिङ्गो राष्ट्रको अभिभावक नै राष्ट्को राष्ट्पति हुनु भएको हुंदा सम्वन्धि हाम्रो महामहिम राष्टपतिको फोटो र त्यस्तै गरेर हाम्रो संविधानको व्यवस्था अनुसार हाम्रो देशको कार्यकारिणी प्रमुख प्रधानमन्त्रि हुनु भएको हुदा राष्ट्रपति र प्रधानमन्त्रिको फोटो हाम्रो यो सम्मानित प्रदेश सभा गण्डकी प्रदेशमा राख्नु हुन र म हार्दिक विनम्र अनुरोध गर्न चाहान्छु । समामुख महोदय प्रदेशको राजधानीको मुटु पृथवीचोकमा आज कतिपय नगरपालिका भित्र नै खाल्टा खुल्टी छन त्यो खाल्टाखुल्टी पुरिएको छैन । कतिवपय वार्डमा १ किलोमिटर वाटो पनि वनेको छैन । तर हाम्रो राजधानीको मुटुमा भइरहेको राम्रो वाटो भत्काएर आज त्यहा ढलान गर्ने काम भई रहेको छ । यस्ले कतिपय ठाउंहरुमा वाटो नवनीएको ठाउंहरुमा त्यो काम चाही गर्न सकिन्थ्यो र कुन निकाय वाट कसरी भएको हा यसको यथोचित जानकारी दिनु हुन सभामुख मार्फत म हार्दिक अनुरोध गर्न चाहान्छु । धन्यवाद

## माननीय सभामुख

माननीय श्री मेख लाल श्रेष्ठलाई समय दिन्छु । समय ५ मिनेट ।

## माननीय मेखलाल श्रेष्ठ

सभामुख महोदय, हामी २००७ साल देखि अनवरत रुपमा नेपाली जनताको हक र अधिकारको लागि लड्डै लड्डै आज २०७२ सालको संविधानले संघियता सहितको संविधान जारी गरेर आज हामी प्रदेश सभामा छौ । प्रदेश सभाले दुइटा महत्वपूर्ण निर्णय प्रदेश सभाको राजधानी र प्रदेश सभाको नामाकरण पनि गरि सकेको छ । म सभामुख महोदय मार्फत के भन्न चाहान्छु भने हामीले गर्ने निर्णयहरु एकै दिनको निर्णय ले सबै

निर्णयहरु कार्यान्यिन हुदैनन निर्णय गर्दा त्यसलाई कुनै सर्ट टमको लागि कुनै लङ्गटर्मको लागि भनेर कुनै पनि सरकारले गर्ने निर्णयहरु व्यवस्थित रुपमा गर्दै जानुपर्ने ठाउंमा कहि कतै कुनै सरकारले गरेको निर्णयहरु अर्को आउने सरकारले त्यो निर्णयहरु परिवर्तन गर्दै जादां यो देशमा हुने विकासहरु प्रभावित हुन्छन् कि भन्ने मलाई लाग्छ त्यही कारणले गर्दा यस्ता विकास प्रभावित हुने निर्णयहरु कुनै पनि सरकारले गरेका निर्णयहरु भएतापनि ति निर्णयहरुलाई पछिल्लो आउने सरकारले पनि त्यसलाई  जनताको हितमा अगाडी वढ्ने गरि अगाडी  वढाउनु पर्छ जस्तो लाग्छ । मैले यो कुरा प्रदेश सभामुख मार्फत केन्द्रिय सभामुख हुंदै केन्द्रको सरकारमा जानकारी गराउन खोजेको हो र अर्को कुरा हामी सवै पार्टिका सदस्यहरु यो नेपाली जनता हौ र नेपाली जनताको आफनो मौलिक अधिकार प्रयोग गर्ने सवैको उतिकै अधिकार छ जस्तो लाग्छ । मलाई केही दिन अगाडी यहि हाम्रो गण्डकी प्रदेश नहुदैं ४ नं. प्रदेशका केही राजनितिक आस्था राखेका युवाहरुलाई यहांको सरकार त नभनौं यहांको गृह प्रशासनले धरपकड गरेको हुनाले के कति कारणले त्यो दोषी छ भने उस्ले संजाय पाउनु पर्छ यदि कुनै पनि दोष नभइकन उस्लाई गिरफतार गरीएको हो भने के कति कारणले गिरफतार गरिएको हो त्यो कुरा आउदो सदनमा जानकारी माग गर्न चाहान्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री दिपक थापालाई समय दिन्छु । समय ५ मिनेट ।

## माननीय दिपक थापा

माननीय माननीय सभामुख ज्यू, हामी अहिले महत्वपूर्ण सिमांकन र राजधानी नामांकन पास गरेर आएका छौं त्यसैले यहि सन्दर्भमा जुन हामीले गण्डकी प्रदेश पास गरेर आएका छौं । यस्मा हामी सवैले यस्लाई चाहि गौरवान्वित रहेको छ । सवैलाई यस्मा म धन्यवाद

दिन चाहान्छु । तर यहि गण्डकी नामाकरण पास गरेर आउने क्रम र पास गरि सकेपछि अरु यसरी नै आएका जुन प्रस्तावहरु थियो । जुन पहिचानको अवस्थामा यहां आएका छन् । अहिले पनि आन्दोलन हरु र यसरी नै यहां ज्ञापन पत्र पनि हाम्रो यस प्रदेश सभामा यहां आईसकेको छ । यसैले केही कुरा पनि राख्न चाहेको भने यसकारण आन्दोलनहरुको जुन मागहरु अथवा उहांहरुको जुन एउटा जुन विषयवस्तुलाई एउटा छलफल गर्ने र त्यसलाइ टुङ्गो पू-याउने सम्मान गर्नको लागि वार्ता टोली जस्तो वनाएर हामीले त्यस्लाई हल गर्नुपर्छ । अर्को त्यसैले अहिले ध्यानआकर्षण गर्न चाहे भने त्यसैले आन्दोलन गरिआएको छ । पहिले एउटा छिटो चाहि हल गर्न निम्ती ध्यान आकर्षण गर्न चाहे १)दोश्रो कुरा दशै भरि प्रदेश भरि अविरल चाही वाढी पहिरो अथवा अविरल वर्षाले धेरै क्षतिहरु धनजनको क्षति भएको छ । प्रदेशमा आएको छ । यहां त्यो घाइते हुन भएका शिघ्र स्वास्थ्य लाभको लागि र उपचारको लागि पनि सजिलो संग उपचार होस र दिवङगत हुनु भएकाहरुको क्षतिपूर्तिको ध्यान आकर्षण गर्न चाहे स्याङजा जिल्लाको हाम्रो भिरकोट नगरपालिकाका वडा नं .३ का रुद्र वहादुर थापा कि छोरी अनु थापा खोलाले वगाएर उहां मृत्यू हुनु भएको छ अस्ती पनि ध्यान आकर्षण गराए मैले आज पनि ध्यान आकर्षण गर्न चाहे हाम्रो ति विरुवा गाउंपालिका वडा नं. २ वडा सदस्य हेम वहादुर थापाको घर र गोठ टवाइलेट पिपल ढलेर पूर्ण क्षति भएको छ । यसरी नै वडा नं.३,४ का चित्र वहादुर लामिछानेका घर पनि वहांहरुको पनि पहिरोले पूर्ण क्षति भएको छ । हाम्रो त्यो विरुवा राङखोला जुन मोटर वाटो पहिरोले घोप्तेखोला पहिरो तल वाट गएर वाटो पूर्ण चाहि वाटो चाहि क्षति भएको छ । जुन कि यता वाट खनेर वाटोहरु चलाएको छ । हुन लागेको हुनाले यि सवै ध्यान आकर्षण गर्दै यसरि नै हाम्रो जिल्ला भरिका हाम्रो अथवा आधिखोला अर्जुनचौपारी यसरी नै पुत्लीखेत नगरपालिकाका यि ठाउंहरुमा सयौ घरहरु क्षतविक्षत जोखिमपूर्ण रहेको छ ।

यसरी नै सयौ रोपनी हेक्टर जमिनहरु वाढि पहिरोले क्षति हुन पुगेको छ । यसै लाई ध्यान आकर्षण गर्दै विदा हुन चाहान्छु । हवस त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री राजीव पहारीलाई समय दिन्छु ।

## माननीय श्री राजीव पहारी

सभामुख महोदय, लामो समय देखि अस्वस्थ रहनु भएका सभामुख नेत्रनाथ अधिकारी स्वस्थ्य भएर केही समयको  निम्ति यो सम्मानित प्रदेश सभामा उहाँलाई देख्न पायौं । अत्यन्त खुशी लागेको छ । र उहांको पूर्ण स्वास्थ्यलाभको कामना गर्न चाहान्छु । हिजो र अस्ती परेको अविरल वर्षाको कारणले पोखरा लेखनाथ महानगरपालिका वडा नं. ६ र १८ को विचको सिमानामा रहेको सेदी डांडा जुन आर्कषण पर्यटकिय स्थल पनि हो । त्यहा ठूलो पहिरो गएको कारणले त्यहां रहेको मठमन्दिर र सुन्दर मनोरम डाडो सेदी डाँडो नै ठूलो जोखिममा रहेको अवस्था छ । तसर्थ त्यसको तत्कालै उचित संरक्षकको निम्ती म प्रदेश सरकार र सम्वन्धित निकायको गंभिर ध्यानाआकर्षण गर्न चाहान्छु । फेवातालको वरिपरि खासगरी वाटर फन होटल निर तालको मापदण्ड मिचेर धमाधम  घर टहरा वनाउने काम भएको छ । एकातिर प्रदेश सरकारले फेवातालको आकार र व्यटीफिकेसनको निम्ती करिव १० करोडको रुपिया छुटयाईएको अवस्था छ तसर्थ यि अवैध रुपमा निर्माण भएका चाहि घर टहराहरु तुरुन्त रोक्नको निम्ती सम्वन्धित निकायलाई ध्यान आकृष्ट गराउन चाहान्छु र प्रदेश सरकारको प्रभावकारी भूमिका खेल्नको निम्ती म अनुरोध गर्न चाहान्छु । र त्यस्ता चाहि घरहरु जुन वनेका छन् तिनलाई भत्काउनको निम्ती पनि आवश्यक कदम चाल्नको निम्ती अनुरोध गर्न चाहान्छु । अर्को विगत यहि महिना देखि पोखरा महानगरपालिकाका मुख्य मुख्य चोकहरु अत्यन्त ट्राफिक जाम भइरहेको छन् ।

जस्को कारणले जनताले अन्यन्त धेरै सास्ती व्यहोर्नु परेको छ । अर्को तर्फ पोखरामा सडक दुर्घटनाको कारणले प्रत्येक दिन १,२ जना व्यक्तीहरु मर्नु परि रहेको अवस्था छ । यस्मा चाहि प्रभावकारी ढङ्गले कदम चाल्न र सम्वन्धित निकायलाई परिचालित गर्नको निम्ती पनि अनुरोध गर्न चाहान्छु । र मुस्ताङ्गमा जुन ठूलो सडक दुर्घटनाका कारणले ठूलो क्षति भएको छ । मृतकको उचित क्षतीपूर्ति र घाइतेका स्वास्थ्यलाभको निम्ति उपचारको निम्ती प्रभावकारी कदम चाल्नको निम्ती अनुरोध गर्न चाहान्छु । र अर्को प्रदेशसभामा छलफलको विषयवस्तु रहेको विषयमा आफनो धारणाहरु राख्दा जुन ढङ्ग वाट व्यक्तिगत रुपमा लान्छना लगाउने, आरोप लगाउने वहिस्कार गर्ने जस्ता भन्ने कुरा सामाजिक संजालहरुमा आएका छन् । अभिव्यक्तीहरु आईरहेको छन् खास गरेर माननीय मंत्री किरण गुरुङ्ग लगायतका माननीयहरुलाई जोडेर यो अत्यन्त अलोकतान्त्रिक काम हो र यस्तो कुराहरुको पनि प्रदेश सरकारको चाहिं गंभिर रुपमा ध्यान आकृष्ट गराउन चाहान्छु र अर्को विषयवस्तु सानो हुन सक्छ । तर त्यसले जनताले चाहिं ठूलो मर्का व्यहोरि रहनु परेको अवस्था छ । खासगरि डिजिटल लाइसन्स लिने नाममा चाहिं आठ नौ महिना सम्म कुर्नुपर्ने , नपाउने चिटकरो पाउने तर त्यो चिटकरो हराइहाल्छ , त्यो पर्चा  । त्यसो भएर यो चाहिं कम्तीमा एक डेड महिना भित्रै लाइसन्स पाउने खालका व्यवस्थां मिलाउनेको निम्ति म सम्वन्धित मंत्रालयको पनि ध्यान आकृष्ट गराउन चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री हरिशरण  आचार्यलाई समय दिन्छु । समय ५ मिनेट

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुख ज्यू, माननीय सभामुख नेत्रनाथ अधिकारी स्वास्थ्यलाभको विच वाट हामीले हाम्रो यस सदनमा आज पहिलो दिन पाएका छौ । यसका लागि खुशी व्यक्त गर्दै

पूर्ण स्वास्थ्यलाभको कामना गर्न चाहान्छु । र विशेष गरि आषाढ २२ गते यस हाम्रो प्रदेश सभा वाट एउटा निर्णय भएको छ । यो निर्णयले उपेक्षित, उत्पीडित र सिमान्तकृत सवै वर्ग जाती क्षेत्र लिङ्ग समुदायमा एउटा गहिरो चोट पुग्न गएको छ । यो चोटको विच वाट अहिले आन्दोलन र त्यसका विरोधका कार्यक्रमहरु अगाडी वढि राखेका छन् । वास्तवमा यो दिन हामी र हाम्रो दल तर्फवाट हामीले भनेका छौ यो दिन उपेक्षित र उत्प्रेदितका लागि कालो दिन सावित भएको छ । र आज मैले यो सदनमा गरिमामय सदनमा मैले अभिव्यक्त गर्नु पर्दा खेरी दुःखका साथ मैले कुरा अभिव्यक्तगरि राखेको छु र यो आन्दोलनहरु प्रति उत्प्रेक्षित र उत्पीडितको आन्दोलनहरुमा हाम्रो एक्यवद्धता रहने छ । र ति सवै आन्दोलनहरुका निमित्त हामी जहीले पनि उत्पेक्षित र उपेक्षितहरुको पक्षमा निरन्तर लागी राख्नेछौ भन्ने कुरा पनि राख्न चाहान्छु र अर्को कुरा फेवातालको विषयवस्तमा जुन दङ्गले सुनिल शाक्यको नेतृत्वमा जुन एउटा अधिकमणको वारेमा अध्ययन गर्ने गरेर एउटा समिति राखेको छ वा आफै विवादित भएको कुरा वाहिर मिडियाहरुमा सार्वजनिक भई राखेको छ र वहां आफै वाटर फन्ट रिर्सोट निर्माण गरेर वहांको चाहिं मतलव चाहिं सवै मिडियाहरुमा जति व्यापक भई रहेको छ । वहांलाई नै फेरि त्यस्को नेतृत्व वनाएर आफै मतलव यो जो चाहि विरालोलाई चाहिं दुधको सांक्षि वनायो भने के हुन्छ । यो विषयवस्तु साच्चै हाम्रो लागि गंभिर विषय छ । यो तत्कालै यो समति खारेज गरेर अर्को नयां समिति निर्माण गरियोस् यो सदन मार्फत म हार्दिक आग्रह गर्न चाहान्छु । र जो अहिले प्रदेश सभाको यो वाटो यो वाटो आउने वाटो वन्दैछ । यो वाटो साच्चै हाम्रा अगाडी नजिककै वन्दैछ । तर यो वाटो कहिले वन्ने हो तर साच्चै भन्ने हो भने यो कस्ले कसरी आदेश गरिराखेको छ । वर्षौं लगाएर दशौं वर्ष लगाएर जुन अव प्राकृतिक हिसावले पर्यावरणिय हिसावले जुन एउटा चाहि मनोरम वनाई राखेको यो जुन हिजोको नगर विकास समितिको जुन यो प्रशिक्षण केन्द्र थियो । आज त्यो सवै रुखहरु

उक्काउन कस्ले आदेश दियो त्यो साच्चै नै त्यो चाहि ठिक छ कि वेठिक छ । प्रदेश सभाले यस्लाई प्रदेश सरकारले यसलाई छानविन गर्नु पर्छ कि पर्दैन साच्चै यो वेठिक छ, साच्चै यो ठूलो फराकिलो वनाएर अहिले खन्नुपर्ने जरुरी पनि थिएन यो तुरुन्त अव चाहिं यो कुरा रुख उप्काएर यो कुरा गर्नु चाहि गलत छ । हाम्रो दलको तर्फ वाट घोर आपत्ती जनाउदै  आफनो भनाई टुङ्गयाउन चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री भागवत प्रकाश मल्ललाई समय दिन्छु । समय ५ मिनट ।

## माननीय श्री भागवत प्रकाश मल्ल

माननीय सभामुख महोदय, नेपाल कृषि प्रधान मुलुक भएको कुरा हामी सवैलाई अवगत नै छ । निम्न मध्यम वर्गिय र निम्न वर्गका किसानहरु आफनो र अर्काको  जमिनमा ठुलो मेहनतका साथ खेती गर्दछन । किसानहरु फलफुल व्यवसाय तर्फ पनि आकर्षण छन् । यो गण्डकी प्रदेशको स्याङ्गजाको गल्याङ्ग पक्वादी चापाकोट मल्याङ्गकोट कालिगण्डकी  लगायत अधिकांस ठाउंमा वादर आतङ्कका कारण किसानहरु मर्माहित भएका छन् । कठिन परिश्रमका साथ किसानहरुले उत्पादन गर्ने अन्नवाली तरकारी, फलफुलमा वादरले पुरै हानी नोक्सानी पू-याउने गरेको किसानहरुमा ठूलो संकटमा परेका छन । सभामुख महोदय हामी संग राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु ऐन कानून छन नेपालले साइटिस नामक अन्तराष्ट्रिय संन्धिमा समेत हस्ताक्षण गरेका छौं । वादर मार्न पकन लखेट्न समेत नपाइने व्यवस्था छ । धार्मिक मान्यता अनुसार पनि वादर मार्न हुन्न भन्ने मान्यता छ । सभामुख महोदय जनताको सरकार जनताको पिरमर्का प्रति जिम्मेवारी हुनुपर्दछ । संघिय सरकार प्रदेश सरकारको सहकार्यमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु ऐनमा समायानुकुल संशोधन गरी कृषि उत्पादनमा क्षति पुर्‍याउने  वादर जस्ता जङ्गली जनावरलाई तोकिएको

अधिकारीको अनुमतीले लखेट्न पक्रन वा मार्न पाइने  व्यवस्था भए मात्र आम कृषकले राहतका पाउने निर्विवाद छ । सभामुख महोदय यो काम सजिलो भने छैन । तर सवैका अगाडी एउटा  मूलभूत प्रश्न उपश्थित छ । त्यो के हो भने राज्यका अगाडी जनता महत्वपूर्ण वर्ग हो अथवा वादर महत्वपूर्ण हो । म सभामुख मार्फत यो सदन र प्रदेशको गम्भिर ध्यान मार्फत ध्यानर्कषण गर्न चाहान्छु । सभामुख महोदय मैले एउटा  के कुरा देखेको छु भने कार्यान्वयनको पक्ष यो सभामा पनि यो हेर्दा अथवा वोल्दा छुचो जस्तो देखिने तर यो कार्यान्वयन पक्ष हाम्रो केहि धेरै कमी देखेकोछु । जस्तै सानु एउटा उदाहरण लाई पनि हामीले यो यहि भवन भित्रको एउटा तपाइको ऐसीलाई पाइपसम्म पनि तपाईको चाहि वाहिर फालेर पानी फाल्न सकेको अवस्था छैन । त्यसो हुनाले यो प्रदेश यो सभा मार्फत यो सवै समृद्व प्रदेश वनाउनको लागी कार्यान्वयन पक्ष  जिम्मेवार हुनु पर्दछ भन्ने मलाई लाग्छ । धन्यवाद ।  जय नेपाल ।

## माननीय सभामुख

अव म माननीय आर्थिक मामिला तथा योजना मंत्री श्री किरण गुरुङ्गलाई विधायन समितिको प्रतिवेदन सहितको प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

## माननीय श्री किरण गुरुङ्ग

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७५ जेष्ठ १६ गते वसेको सभाको पहिलो वैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समिति वाट प्रतिवेदन सहित प्राप्त भएको प्रदेश आकस्मीक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा प्रदेश नं. ४ प्रदेश

सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

अव म उक्त विधेयक माथि छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोस् ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयक माथि छलफल गरियोस भन्ने **प्रस्ताव सर्व समितिले स्वीकृत भएको** घोषणा गर्दछु ।

अव उक्त विधायन समितिको प्रतिवेदन सहितको प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल प्रारम्भ हुन्छ ।

छलफलमा समितिको प्रतिवेदन र सो सम्वन्धि विधेयकका दफाहरु तथा अनुसाङ्गित अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यलाई जानकारी गराउछु ।

छलफलमा वोल्न चाहनु हुने माननीय सदस्यले आ–आफनो नाम सजिलोको लागि सभामुखको दयास संगै वसेका सहयोगी कर्मचारीहरुलाई उपलव्ध गराई दिनु हुन अनुरोध

गर्दछु । उक्त छलफलमा वोल्न चाहनु हुन प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेट समय निर्धारण गरेको छु ।

अव यो छलफल यहि समाप्त हुन्छ ।

अव म प्रदेश आकस्मीक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको कम संख्या ३ को (क) देखि (ख) सम्म उल्लेखित संशोधनलाई निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ३ को (क)देखि (ख) सम्म उल्लेखित **संशोधन सर्व समितिले स्विकृत भएको** घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव म प्रदेश आकस्मीक कोष सम्वन्धमा यवस्था गर्न वनेको विधेयकका संवन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ३ को (क) देखि (ख) सम्म

उल्लेखित संसोधन प्रदेश आकश्मीक कोष संवन्धमा व्यवस्थ गर्न वनेको विधेयकको अङ्ग वनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ३ को (क)देखि (ख) सम्म उल्लेखित शंसोधन सर्व समितिले प्रदेश आकस्मीक कोष संवन्धमा व्यवस्था गर्न वनेको विधेयकको अंग वनेको घोषणा गर्दछु ।

## माननीय सभामुख

अव, म विधेयकको दफा १ देखि देखि १२ सम्म र अनुसूची प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नु होला र यस्को विपाक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुन माननीय सदस्यले हुन्न भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयकको दफा १ देखि १२ सम्म र अनुसूची सर्वसमितिले प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक अङ्ग वनेको घोषणा गर्दछु ।

अव म विधेयकको प्रस्ताव र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेश आकस्मीक कोषको स्थापना र संचालन सम्वन्धमा व्यवस्था गर्न वान्छनिय भएकोले प्रदेश नं . ४ को प्रदेश सभाको यो ऐन वनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :** १.यस ऐनको नाम र प्रदेशले आकस्मीक कोष ऐन २०७५ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अव म विधेयकको प्रस्तावना र नाम प्रदेश आकस्मीक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुन माननीय सदस्यले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको  पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसमितिले प्रदेश आकस्मीक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनेको घोषणा गर्दछु ।

अव म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गलाई प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुन गर्न अनुमति दिन्छु ।

## आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्ग

dfggLo ;efd'v dxf]bo,

सम्मानित सभामा मिति २०७५ जेष्ठ १६ गते वसेको सभाको पहिलो वैठकमा प्रस्तुत भई दफावार छलफलको लागी विधायन समितिमा पठाईएकोमा समितिवाट प्रतिवेदन सहित प्राप्त भएका प्रदेश आकस्मीक कोषमा संवन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश नंवर ४ प्रदेश सभा नियमावली २०७४ को नियम १२२ वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

अव यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोस् ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन, तसर्थ प्रदेश आकस्मिक कोष संवन्धमा व्यवस्था गर्न वनेको विधेयक सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननिय सदस्यहरु, अव म माननिय भौतिक पूर्वाधार विकाश मन्त्री श्री राम शरण वस्नेतलाई विधायन समितिको प्रतिवेदन सहितको स्थानिय तहको कानून निर्माण प्रकृयिाका संवन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननिय भौतिक पूर्वाधार विकाश मन्त्री राम शरण वस्नेत

माननिय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेठ १६ गते वसेको सभाको पहिलो वैठकमा प्रस्तुत भै दफावार छलफलको लागी विधायन समितिमा पठाइएकोमा समितिवाट प्रतिवेदन सहित प्राप्त भएको स्थानिय तहको कानुन निर्माण प्रकृया संवन्धमा व्यवस्थ गर्न वनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधार १ तथा प्रदेश नंवर ४ प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क)

वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

अव म, उक्त विधेयक माथि छलफल गरियोस भन्ने प्रस्तवलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव **सर्व सम्मतिले स्विकृत भएको** घोषण गर्दछु ।

अव उक्त विधायन समितिको प्रतिवेदन सहितको स्थानिय तहको कानून निर्माण प्रकृया सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सो सम्वन्धी विधेयकका दफाहरु तथा आनुसाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरुलाई जानकारी गराउंछु ।

छलफलमा वोल्न चाहनु हुने माननीय सदस्यले आफनो नाम सजिलोको लागि सभामुखको डयाससंगै वसेको सहयोगी कर्मचारीलाई उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

उक्त छलफलमा वोल्न चाहनु हुने प्रत्येक माननीयलाई ३ मिनेट समय निर्धारण गरेको छु ।

अव यो छलफल यही समाप्त हुन्छ ।

अव म स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रम संख्या ३ को (क) देखि (ङ) सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको सम्वन्धमा ३ को (क) देखि (ङ) सम्म उल्लेखित संसोधन **सर्वसमितिले स्विकृत भएको** घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव म स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रम संख्या ३ को (क) देखि (ङ) सम्म उल्लेखित संशोधन स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला यस्को विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावमा माननीय सदस्यहरु **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क.सं.३ को (क) देखि (ङ) सम्म उल्लेखित **संशोधन सर्वसमितिले स्थानिय तहका कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्थ गर्न वनेको विधेयकको अङ्ग वनेको** घोषणा गर्दछु ।

अव म, विधेयकको दफा १ देखि २८ सम्म र अनूसूची १ देखि २ सम्म स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सहस्यहरुले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावकोपक्षमाहुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

हुन्न भन्ने आवाज सुनियन तसर्थ विधेयकको दफा १ देखि २८ सम्म र अनूसुची १ देखि २ सम्म **सर्वसमितिले स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनेको** घोषणा गर्दछु ।

अव म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा कानूनी व्यवस्था गर्न वान्छनिय भएकोले प्रदेश नं. ४ को प्रदेश सभाले यो ऐन वनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :** १. यस ऐनको नाम स्थानिय तहको कानून निर्माण प्रकृया सम्वन्धी ऐन २०७५ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । यो ऐन प्रदेश नं. ४ प्रदेश सभाका स्थानिय तहको लागि लागु हुनेछ ।

अव म, विधेयकको प्रस्तावना र नाम स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्थ गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको  पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यसको  विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयकको प्रस्तावना र नाम **सर्वसमितिले स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनेको** घोषणा गर्दछु ।

अव म, माननीय भौतिक पूर्वाधार विकास मंत्री श्री राम शरण वस्नेतलाई स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय भौतिक पूर्वाधार विकास मंत्री श्री राम शरण वस्नेत

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ १६ गते वसेको सभाको पहिलो वैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समिति वाट प्रतिवेदन सहित प्राप्त भएको स्थानिय तहको कानून निर्माण प्रकृयाका सन्दर्भमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश सभा प्रदेश नं .४ प्रदेश सभा नियमावली २०७४ को नियम १२२ वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु  । धन्यवाद ।

## माननीय सभामुख

अव यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ स्थानिय तहको कानून निर्माण प्रकृयाका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई विधायन समितिको प्रतिवेदन सहितको खोपसेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

## सामाजिक विकास मंत्री श्री नरदेवी पुन मगर

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ ३० गते वसेको सभाको तेह्रौ वैठकमा प्रस्तुत भई दफावार छलफलका लागि विधायन समितिमा पठाईएकोमा समिति वाट प्रतिवेदन सहित  प्राप्त भएको खोप सेवा सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक नेपालको संविधान धारा १९८ को उपधारा १ तथा प्रदेश नं . ४ प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

## माननीय सभामुख

अव म उक्त विधेयक माथि छलफल गरियोस भनि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावमा हुने माननीय हरुले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव **सर्वसमितिले स्वीकृत भएको** घोषणा गर्दछु ।

अव, उक्त विधायन समितिको प्रतिवेदन सहितको खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि छलफल प्रारम्भ हुन्छ ।

छलफलमा समितिको प्रतिवेदन र सो सम्वन्धी विधेयकको दफाहरु तथा आनुसाङ्गीक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यलाई जानकारी गराउछु ।

छलफलमा वोल्न चाहनु हुने माननीय सदस्यले आफनो नाम सजिलोको लागि सभामुखको ड्याससंगै वसेको सहयोगी कर्मचारीलाई उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

अव यो छलफल यहि समाप्त हुन्छ ।

अव म, खोपसेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्थ गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदन संख्या ३ को (क) देखि (घ) सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सहस्यहरुले **हुन्न** भन्नुहोस् ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सहस्यहरुले **हुन्न** भन्नुहोस् ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ खोपसेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क. सं. ३ को (क) देखि (घ) सम्म उल्लेखित संशोधन **सर्वसमितिले स्वीकृत भएको** घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अव म खोपसेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ३ को (क) देखि (घ) सम्म उल्लेखित संशोधन खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकका सन्वन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ३ को (क) देखि (घ) सम्म उल्लेखित संशोधन सर्वसम्मतीले खोपसेवा संचालन तथा व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयकको अंग वनेको घोषणा गर्दछु ।

अव म विधेयकको दफा १ देखि ४१ सम्म खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने भाननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयकको दफा १ देखि ४१ सम्म सर्वसमितिले खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनेको घोषणा गर्दछु ।

अव म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** खोपको माध्यम वाट रोगको रोकथाम नियन्त्रण निवारण वा उन्मुलन गरि शिशु वाल मातृ तथा अन्य व्यक्तीको मृत्यूदर घटाउनु तथा खोप सेवाको विकास तथा विस्तार र सुद्धीकरण गरि गुणस्तरिय खोप सेवा प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वान्छनिय भएकोले प्रदेश नं . ४ को प्रदेश सभाले यो ऐन वनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :** १. यस ऐनको नाम खोपसेवा संचालन तथा व्यवस्थापन ऐन २०७५ रहेको छ ।

२. यो ऐन प्रदेश नं.४ मा लागु हुनेछ ।

३. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अव म विधेयकको प्रस्तावना र नाम खोप सेवा र संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

**हुन्न** भन्ने आवाज सुनियन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको अङ्ग वनेको घोषणा गर्दछु ।

अव म माननीय सामाजिक विकास मन्त्री श्री नर देवी पुन मगरलाई खोप सेवा संचालन तथा व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

## माननीय सामाजिक विकास मंत्री श्री नर देवी पुन मगर

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ जेष्ठ ३० गते वसेको सभाको तेह्रो वैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा विधायन समिति वाट प्रतिवेदन सहित प्राप्त भएको खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश नं . ४ प्रदेश सभा नियमावली २०७४ को नियम १२२ वमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुख

अव यो प्रस्तावलाई निर्णयार्थ  प्रस्तुत गर्दछु ।

यो प्रस्तावको  पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नु होला र यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **हुन्छ** भन्नुहोस ।

(**हुन्छ** भन्ने आवाज आयो)

यस्को विपक्षमा हुने माननीय सदस्यले **हुन्न** भन्नुहोस ।

(**हुन्न** भन्ने आवाज आएन)

हुन्न भन्ने आवाज सुनियन तसर्थ **खोप सेवा संचालन तथा व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक सर्वसमितिले पारित भएको** घोषणा गर्दछु ।

**माननीय सभामुख**

(माननीयहरु अल्ली हल्ला भए कि जस्तो लाग्छ । )

माननीय सदस्यहरु,

मिति २०७५ साल आषाद २२ गते गण्डकी प्रदेश मुस्ताङ्ग जिल्ला दामोदर कुण्ड गाउंका वडा नं.३ स्याङवोचेमा टिप्पर दुर्घटनामा परि २० जना मजदुरहरुको मृत्यू हुनाको साथै १२ जना घाइते हुनुभएकोमा घाइतेको शिघ्र स्वास्थ्यको कामना सहित मृतक आत्माको चिरशान्तिको कामना गर्दै यो प्रदेश सभा शोक व्यक्त गर्दछ ।

**माननीय सदस्यहरु अव यो वैठक २०७५ साल श्रावण ३ गते दिनको १.०० वजे सम्मको लागि स्थगित हुन्छ ।**